वर्ष १९ | अंक ६२ | नेपाल संवत् ११४१ | २०७७ मंसिर १३ गते शनिबार | 28 Nov. 2020 | पृष्ठ ४ | मूल्य रु. १०




एउटै पढे पुग्छ
# समाधान
samadhannews.com
राष्ट्रिय दैनिक




### संक्रमितलाई मुख्यमन्त्रीको आग्रहः

# निजी होइन, सरकारी अस्पताल आउनोस्

**समाधान संवाददाता**
पोखरा, १२ मंसिर

अस्पतालहरुले भर्ना लिन नमान्दा बिरामीहरुको ज्यान जान गएको छ । यो सातामात्रै पोखरामा २ जनाले त्यसरी ज्यान गुमाए । ४ अस्पताल चहारिसकेपछि बिहीबार राति अन्नपूर्ण गाउँपालिका ३ काँडेका राजेश कार्कीको ज्यान गयो । गएको बिहीबार स्याङ्जाकी धनमाया गुरुङको त्यसरी नै ज्यान गुम्यो । दुवै बिरामी निजी अस्पताल चहार्दै मनिपाल पुर्‍याइएका थिए । कार्कीको मनिपालमा उपचार हुँदाहुँदै र गुरुङको मनिपालले भर्ना नलिँदा ज्यान गएको थियो ।

प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ भने उपचारका लागि निजी अस्पताल नधाउन आग्रह गर्छन् । उनको आग्रह छ, 'उपचारका लागि सरकारी अस्पताल आउनोस् ।' उनले पश्चिमाञ्चल क्षेत्रीय र संक्रामक रोग उपचार अस्पतालमा आउन आग्रह गरेका हुन् । मुख्यमन्त्री नेपाल रेडक्रस सोसाइटीले शुक्रबार पश्चिमाञ्चल क्षेत्रीय अस्पताललाई एउटा भेन्टिलेटरसहितका स्वास्थ्य सामग्री हस्तान्तरण गर्न आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै थिए ।

**'किन ६ वटा अस्पताल चाहर्दै हिँडेको ? मान्छे मरे मरोस्, यो प्रदेश सरकारलाई, महानगरलाई र यी अस्पताललाई दोष दिन पाइन्छ भन्ठानेको हो कि के हो ?'**

'यहाँ उपचार हुन्छ, सेवा गरिराखेकै छौं हामीले त्यो दिन (कार्की र गुरुङ निजी अस्पताल लगिएको दिन) यहाँ पनि बेड खाली थियो, सरुवा रोग अस्पतालमा पनि बेड थियो,' उनले भने, 'किन ६ वटा अस्पताल चाहर्दै हिँडेको ? मान्छे मरे मरोस्, यो प्रदेश सरकारलाई, महानगरलाई र यी अस्पताललाई दोष दिन पाइन्छ भन्ठानेको हो कि के हो ?'

लाख/लाख रुपैयाँ धरौटी माग्ने निजी अस्पताल चहार्नुभन्दा एक पैसा पनि नलाग्ने सरकारी अस्पतालमा आउन मुख्यमन्त्रीले आग्रह गरे । 'तपाईंलाई मन परे पनि नपरे पनि विश्वास गरे पनि नगरे पनि हामीसँग भएको सरकारी अस्पताल यही हो नि,' उनले भने, 'यी अस्पतालले आफ्नो तहबाट उपचार गरेकै छ ।' उनले अगाडि भने, 'म नागरिकतिर फर्केर भन्छु, बिरामीको परिवारतिर फर्केर भन्छु, २ पैसा खर्च गर्ने क्षमता हुँदैन, एक दिनमा १० हजार, २० हजार ५० हजार खर्च लाग्ने अस्पताल किन ताक्छौं हामी ? जहाँ निशुल्क छ, सरकारी अस्पताल, त्यहाँ आउनुपर्‍यो पहिला ।'

पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भेन्टिलेटर थप्नुपरे थपिदिन प्रदेश सरकार तयार रहेको उनले सुनाए । 'थप्नुपर्नेछ भने भन्नोस्,' उनले भने, 'पहिला नेपाल सरकारलाई भन्छु, नदिए, मै दिन्छु ।'

पश्चिमाञ्चल क्षेत्रीयमा आफ्नै अक्सिजन प्लान्ट हुनुपर्ने आवश्यकता पनि उनले औंल्याए र, प्रदेश मातहतका जिल्ला अस्पतालहरुमा त्यस्ता प्लान्ट बनाइरहेको जानकारी दिए । प्रदेश सरकारको प्रयत्नको बाबजुद जनताको अपेक्षा अनुसार मानिसहरुलाई बचाउन नसकेको उनको स्वीकारोक्ति थियो ।

पोखराका मेयर मानबहादुर जिसीले बिरामीलाई कुरुवासमेत चाहिने हुँदा महानगरपालिकाले बनाएको आइसोलेसनभन्दा घरमै बस्नु हितकर हुने विचार राखे । तर अस्पतालहरुको संख्या बढाउनुभन्दा पनि सुविधा बढाउनुपर्नेमा जोड दिए । 'पोखरामा यतिका नर्सिङ सेन्टरहरु छन्, रिसर्च सेन्टर भनेर बोर्ड राखेका छन्, रिसर्च सेन्टर भनेर भन्सार छुटमा सामान ल्याएका छन्,' उनले भने, 'कतिवटा रिसर्च गरे त खै ? कत्ति गर्‍या छैनन् भने कारबाही गरौं ।'

निजी अस्पतालहरुले कोरोनाका बिरामीसँग धरौटी माग्ने गरेकोमा पनि उनले आपत्ति जनाए । 'डेढ लाख धरौटी माग्ने, चेक नलिने, रातिराति को नगद लिएर हिँड्छ त ?' उनले भने, 'कागज लिएर आऊ महानगर बस्छ धरौटी ।' उनले पुसभित्रै महानगरपालिकाले कम्तीमा ५० बेडमै भए पनि अस्पताल बनाइछाड्ने जानकारी पनि दिए ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्राडा बुद्धिबहादुर थापाले आइसोलेसन बेड क्षमता ५० बाट बढाएर ८० पुर्‍याउन लागेको जानकारी दिए । उनले जनशक्तिको अभाव सबैभन्दा ठूलो अभाव रहेको सुनाए । ३ वर्षभित्र प्रतिष्ठानले एमबिबिएस पढाइ सुरु गर्ने पनि उनले जानकारी दिए ।

नेपाल रेडक्रस सोसाइटीले कोकाकोला फाउन्डेसनबाट प्राप्त गरेको स्वास्थ्य सामग्री अस्पताललाई हस्तान्तरण गरेको छ । मुख्यमन्त्री गुरुङले एउटा भेन्टिलेटरसहित १८ लाख ५८ हजार रुपैयाँ बराबरका सामग्री अस्पतालका निर्देशक डा. अर्जुन आचार्यलाई हस्तान्तरण गरे । गुरुङले भने, 'सक्नेले त अलि धेरै दिनु नि, जम्मा एउटा भेन्टिलेटर ? यो त हात्तीका मुखमा जिरा भयो ।' कार्यक्रममा नेरेसो कास्की अध्यक्ष डोलराज पाण्डे, नेरेसो केन्द्रीय कोषाध्यक्ष सीताराम कोइराला, रेडक्रस कास्कीका मन्त्री धर्म अधिकारी लगायत सहभागी थिए ।



**स्वास्थ्य सामग्री हस्तान्तरण गर्दै मुख्यमन्त्री (बायाँ)।** *तस्बिरः समाधान*

## कोभिडबाट मृत्यु हुने ५० वर्षमाथिका धेरै

पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भर्ना भएर उपचार गर्दा गर्दै अहिलेसम्म ज्यान गुमाएका कोभिड १९ संक्रमितको संख्या ५५ पुगेको जानकारी निर्देशक डा. अर्जुन आचार्यले दिएका छन् । तीमध्ये ५० वर्षभन्दा माथिका बिरामीको संख्या ८० प्रतिशत छ । उनका अनुसार ६० वर्षमाथिका बिरामीलाई आधार मान्दा मृत्युदरको प्रतिशत ४८ हुन्छ । त्यस्तै २० देखि ४० वर्ष उमेर समूहको मृत्युदर ५१ प्रतिशत छ ।

अस्पतालको आइसोलेसन, प्रिआइसोलेसन लगायतमा कोभिडका बिरामीको औसत बसाइदर ९ दिन हुने गरेको जानकारी डा. आचार्यले दिए ।

यो अस्पतालमा कोभिड १९ का पहिलो बिरामी जेठ १५ गते भर्ना भएका थिए । २५ जेठमा पहिलो मृत्यु भएको थियो ।

आचार्यले कोभिड १९ को महामारीपछि पनि पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा ३ हजार ३ सय ७ जना सुत्केरी भएको जानकारी दिएका छन् । उनका अनुसार त्यसमध्ये २२ सय जना सामान्य सुत्केरी भए भने बाँकीको अप्रेसन गरिएको थियो ।

अस्पतालमा २१ सय १४ वटा अप्रेसन भएको जानकारी आचार्यले दिए । त्यसमध्ये १५ सय ७७ जटिल अप्रेसन थिए भने ५ सय ३७ वटा सामान्य ।

# प्रदेश सरकारले बाल्यो उपल्लो मुस्ताङमा सौर्यबत्ती

**एसके थकाली**
जोमसोम, १२ मंसिर

गण्डकी प्रदेश सरकार र स्थानीय सरकारको अनुदानमा मुस्ताङको उपल्लो भागका घर घरमा सोलार प्यानल वितरण र जडान धमाधम भइरेहको छ ।

बिजुलीको राष्ट्रिय प्रशारण लाइन नजोडिएको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका वडाहरुमा प्रदेश सरकारको उज्यालो प्रदेश कार्यक्रम अन्तर्गत सोलार जडान सुरु भएको हो । प्रदेश सरकारको ७५ विशेष अनुदान र स्थानीयको २५ प्रतिशत लगानी रहने गरी सोलार प्यानल वितरण गरेको गण्डकी प्रदेश सभाका सदस्य इन्द्रधारा बिष्टले जानकारी दिए । उनले राष्ट्रिय प्रशारणको लाइनको पहुँच नभएकाले प्रदेशले सहुलियतमा सोलार प्यानल वितरण गरेको बताए ।

राष्ट्रिय प्रशारण लाइनको पहुँच नपुगेका स्थानमा गत आर्थिक वर्षमा आवश्यक बजेट विनियोजन गरे पनि कोरोना भाइरसको प्रकोप तथा लकडाउनको कारण प्रभावित बनेको थियो । प्रदेशले सौर्य उर्जाको योजनालाई मूर्तरुप दिन चालु आर्थिक वर्षमा पनि कार्यक्रम समावेश गरेकाले घरघरमा सोलार प्यानल वितरण तथा जडान कार्यले पूर्णता पाएको हो । सरकारले मुस्ताङमा प्रतिघर १८ हजार मूल्यको सोलार प्यानल, ब्याट्री, सोलार वायर र बलब उपलब्ध गराइ जडान गरेको छ ।



**सोलार जडानमा प्रदेश सरकारको ७५ र स्थानीयको २५ प्रतिशत लगानी**

ती गाउँपालिकाका विभिन्न वडामा सोलार प्यानल वितरण तथा जडानका लागि रोशनी इन्टिच्युट कम्पनीलाई जिम्मा दिएको प्राविधिक कमानसिंह गुरुङले जानकारी दिए । कम्पनीको वितरण तथा जडान प्राविधिक टोली यतिबेला हिउँदयामको अत्यधिक चिसो मौसमसँग जुध्दै २ गाउँपालिकाका करिब ४ सय भन्दा बढी घरधुरीमा खटिएको छ । सरकारले अनुदानमा दुर्गमका स्थानीयको घरघरमा पुगेर सोलार प्यानल जडान गरेपछि स्थानीयमा खुसीयाली छाएको छ ।

त्यहाँ बिजुली नहुँदा स्थानीयलाई बत्ती बाल्न, मोबाइलको ब्याट्री चार्ज गर्न, टेलिभिजन हेर्न र अनलाइनका समाचार पढ्नबाट बञ्चित थिए । राष्ट्रिय प्रशारण लाइन नहुँदा स्थानीय अन्धकारमा बस्न बाध्य थिए ।

गण्डकी प्रदेशले चालु आर्थिक वर्ष २०७७/०७८ को वार्षिक बजेट अनुसार राष्ट्रिय प्रशारणको लाइन नजोडिएका मुस्ताङसहित गोरखा, मनाङ र म्याग्दीका ७ स्थानीय तहमा करिब १ हजार १ सय ६० घरधुरीलाई ७५ प्रतिशत अनुदान सहुलियतमा सोलार प्यानल वितरण कार्य भइरहेको छ ।

**पोखरा ईन्जिनियरिङ कलेजको पुनः भर्ना सम्बन्धी सूचना !**

प्राविधिक शिक्षामा सधै अग्रस्थानमा रहन सफल यस ईन्जिनियरिङ कलेजमा नयाँ शैक्षिक सत्र २०७७/७८ का लागि निम्न विषयहरुमा भर्ना खुल्यो ।

कार्यक्रमहरूः

- Diploma in Computer Engineering -3 yrs
- Diploma in Civil Engineering - 3 yrs

  **आवश्यक न्यूनतम योग्यताः** SEE df Math, Science मा C र अंग्रेजीमा D+ ल्याउनुपर्ने वा सो सरह ।
- Pre-Diploma in Civil Engineering (18 month program को लागि SEE वा SLC मा जुनसुकै Grade वा प्रतिशत ल्याएको विद्यार्थीले पनि पढ्न पाउने ।)

  **फारम बुझाउने अन्तिम मितिः** २०७७ मंसिर १५ गतेसम्म मात्र ।

विस्तृत जानकारीका लागिः
**पोखरा ईन्जिनियरिङ कलेज**
फिर्के, पोखरा-८, फोन नं.:०६१-५२५९२६, ५३१२०९, ५२८५३०

## पर्यटन परिषद्मा गोपी



पोखरा १२ मंसिर (समाधान) - पोखरा पर्यटन परिषदको अध्यक्षमा गोपीबहादुर भट्टराई निर्वाचित भएका छन् । शुक्रबार भएको परिषद्को ११ औं अधिवेशनबाट अध्यक्षमा गोपीसहित कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।

परिषद् उपाध्यक्षमा पोमनारायण श्रेष्ठ, महासचिवमा रामचन्द्र शर्मा, सचिवमा तारानाथ पहारी र कोषाध्यक्षमा कृष्ण काफ्ले चयन भएका छन् । सदस्यमा लक्ष्मण सुवेदी र शोभाकान्त पौडेल चयन भए । बाँकी २ सदस्य कार्यसमितिको बैठकले चयन प्रावधान छ ।

अधिवेशन उद्घाटन शुक्रबार नै गण्डकीका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले गरेका थिए । मुख्यमन्त्री गुरुङले कोभिड-१९ को महामारीबीच स्वास्थ्य सतर्कता अपनाएर पर्यटनलाई चलायमान बनाउनुपर्ने बताए ।

### प्रदेश सभाका सभामुख भन्छन्

# संघले कानुन दिँदैन, तहले टेर्दैन

**समाधान संवाददाता**
काठमाडौं, १२ मंसिर

प्रदेश सभाका सभामुख र उपसभामुखहरुले संघीयता कार्यान्वयनमा चुनौती देखिएको बताएका छन् । संघीय संसद सचिवालयले शुक्रबार गरेको 'संघीय संसद र प्रदेश सभा सञ्चालन अनुभव आदान प्रदान एवं अन्तरक्रिया' कार्यक्रममा प्रदेश सभाका सभामुख र उपसभामुखले संघ, प्रदेश र स्थानीय तहसँग जोडिएका महत्वपूर्ण कानुनहरु नबन्दा संघीयता कार्यान्वयनमै चुनौती देखिएका बताएका हुन् ।

प्रदेशका सभामुख र उपसभामुखहरुले संविधान निर्माण भएको ५ वर्ष र प्रदेश सभा गठनको ३ वर्ष बितिसक्दा पनि संघीय निजामती सेवा ऐन, संघीय प्रहरी ऐन लगायतका अत्यावश्यक छाता ऐन निर्माण नहुँदा संघीयता कार्यान्वयनमै प्रश्न उठको बताए ।

संविधानमा ३ तहका सरकारका साझा अधिकार बाँडफाँट भए पनि त्यसको कार्यान्वयनका लागि आवश्यक संघीय कानुन निर्माणमा ढिलाइ भएकोले प्रदेशमा थुप्रै ऐन कानुन बनाउन नसकिएको उनीहरुको निष्कर्ष छ । अन्तरक्रियामा प्रदेश सभाका सभामुख, उपसभामुखहरुले प्रदेश सभाको बैठक सञ्चालन गर्दाका अनुभव, कठिनाइ र चुनौतीहरु पनि आदानप्रदान गरेका थिए । प्रदेश १ का सभामुख प्रदीपकुमार भण्डारीले प्रदेशमा संसद बैठक सञ्चालन गर्दा संविधान, ऐन कानुन, नियमावलीमा टेकेर सहमति सहकार्यबाट मात्रै सफल हुने महसुस भएको बताए ।

**संघ र स्थानीय तहको काम गर्ने तौरतरिकाले प्रदेश तहको अस्तित्वमाथि नै चुनौती**

प्रदेश २ का सभामुख सरोज कुमार यादवले कोभिड १९ को महामारीका कारण नियमावली संशोधन गरेर भर्चुअल रुपमै संसद बैठक सञ्चालन गर्न मिल्ने व्यवस्था गरेको बताए ।

प्रदेश सभामा प्रविधिको भरपूर प्रयोग गदै पेपरलेस बनाएको बताउँदै सभामुख यादवले नयाँ अभ्यास गरिरहेको जानकारी दिए । प्रदेश सभाका संसदीय समितिमध्ये प्रतिपक्षी दल नेकपाको भागमा परेको लेखा समिति सभापति चयन नहुँदा समस्या भएको सभामुख यादवको भनाइ थियो ।

बागमती प्रदेशका सभामुख सानुकुमार श्रेष्ठले संघीय संसदजस्तै प्रदेश सभाका कर्मचारीहरुको व्यवस्थापन, प्रशिक्षणका लागि लागि छुट्टै ऐन आवश्यक रहेको बताए । संघ, प्रदेश र स्थानीय तहको अन्तर सम्बन्धबारे कानुन पारित भएको चर्चा गर्दै सभामुख श्रेष्ठले त्यसको कार्यान्वयन हेर्न बाँकी रहेको उनले जनाए ।

सांसदहरु आफ्नो निर्वाचन क्षेत्रको विकासतर्फ लाग्दा ऐन कानुन निर्माणमा ध्यान नपुगेको भन्दै सभामुख श्रेष्ठले संघ र प्रदेशका सांसदको भूमिका ऐन कानुन बनाउने हो कि विकास निर्माण गर्ने हो भनेर प्रश्न गरे ।

भर्चुअल माध्यमबाट बैठकमा सहभागी गण्डकी प्रदेशका सभामुख नेत्र अधिकारीले संघ र स्थानीय तहको काम गर्ने तौरतरिकाले प्रदेश तहको अस्तित्वमाथि नै चुनौती खडा गरिदिएको बताए । साझा अधिकार भनेर छुट्याइएको भए पनि आवश्यक ऐन कानुन नबन्दा प्रदेश तह नै ओझेलमा परिरहेको र संघीयताको मर्ममै प्रश्नचिन्ह उब्जिएको सभामुख अधिकारीले बताए । त्यसैगरी लुम्बिनी प्रदेशका सभामुख पूर्णबहादुर घर्तीले संविधान लागु भएको ५ वर्ष र प्रदेश सभा बनेको ३ वर्ष भइसक्दा पनि निजामती ऐन, प्रहरी ऐनहरु नबन्दा समस्या भएको बताए ,

बाँकी पृष्ठ ४

**दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको हवाईउद्धार सम्बन्धी सूचना !**

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा रहेको **'राष्ट्रपति महिला उत्थान कार्यक्रम'**बाट नेपाली सेना, स्थानीय स्वास्थ्य संस्था, स्थानीय तह र जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुको हवाई उद्धार कार्यक्रम सञ्चालन भइरहेको छ । दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुलाई हवाई उद्धार गर्नु परेमा निम्न ठेगानामा सम्पर्क गर्न हुन अनुरोध छ ।

सम्पर्कः
राष्ट्रपति महिला उत्थान समन्वय इकाई,
महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ।
सम्पर्क व्यक्तिः अन्जु ढुंगाना, प्रमुख महिला विकास अधिकृत
सम्पर्क नं.: ९८५१२५५२५४
इमेलः pup.mowcsc@gmail.com

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# मुसा मानुष अनुवाद र अनुभूति



गनेस पौडेल

जोन स्टेबेकको यो उपन्यास 'अफ् माइस एन्ड मेन'लाई सन् १९९६ को कुनै गर्मी महिनामा पढेको थिएँ मैले, पिएन क्याम्पसभित्रको क्षेत्रीय पुस्तकालयमा । प्राध्यापकले सूचना समेत नदिइकन कक्षा हापिँदिँदा होस् या राजनीतिक दलका विद्यार्थी संगठनले कक्षा भित्र पसेर 'आज पढाइ नहुने' सूचना दिएपछि होस्, जगेडा बचेको मेरो समय प्राय: पुस्तकालयमा बित्थ्यो । यस्तै कुनै करकापले प्राप्त समयको एक बसाईमा सकेको थिएँ स्टेनबेकको यो मायालु पुस्तिका । तिनताका मैले अमेरिकी शास्त्रीय आख्यानका केही उत्कृष्ट किताब पढ्ने मौका पाएको थिएँ ।

एफ. स्कट फिट्जराल्डको 'द ग्रेट ग्याट्स्बी', जेडी स्यान्जिरको 'द क्याचर इन द राय', केन केसीको 'वन फ्ल्यू ओभर द कुक्कुज नेस्ट', मार्क ट्वेनको 'एडभेन्चर अफ् हकलबेरी फिन', विलियम गोल्डिङको 'लर्ड अफ् फ्लाइज' आदि जस्ता आख्यानले मेरो किशोरवयका क्याम्पसी दिनलाई निरास-निरास, उदास-उदास हुनबाट जोगाएका थिए । तीमध्ये पनि अमेरिकी सपनाको सतहमा कोरिएका दुइ किताबले मलाई आनन्दित गरेका थिए : 'द ग्रेट ग्याट्स्बी' र 'अफ् माइस एन्ड मेन' । 'द ग्रेट ग्याट्स्बी'ले महामन्दी ठीक अगाडिको समयमा अमेरिकी समाजले देखाउने सपनाको उन्माद र तुजुकलाई देखाउँछ भने 'अफ् माइस एन्ड मेन'ले महामन्दीको चेपमा दापिएको सपना-विघटनको कारुणता ।

तिनताका मलाई लाग्थ्यो कुनै दिन मैले यी किताबहरुको नेपालीमा अनुवाद गर्नेछु र मजस्तै तमाम नेपालीभाषि किशोरहरुलाई उमेरजन्य उन्मादबाट जोगाएर विरेचित आनन्द दिनेछु ।

कसैलाई 'जोगाउने'जस्तो बोझिलो भ्रम उमेरसँगै मेटिँदै गयो । जोगाउने धोको जोगिने वाध्यतामा परिणत भयो । उपन्यासलाई अनुवाद गर्ने मेरो किशोरकालीन रहर बिस्तारै बिर्सिइदैं गयो । यसरी कैयन बर्ष कटे । सिनेमाको एक झिल्को सिन फेरिएजस्तो गरिकन झिलिक्कसँग सकिए २ दशक । यतिका बर्षपछि अचानक एकदिन पोखरामा क्रियाशिल युवाहरूको पढक्कु समूह 'ह्वाट द बुक क्लब'ले यसका बारेमा बोलिदिन मलाई निम्तो पो गऱ्यो ! अनि मैले उपन्यासलाई फेरि पढेँ । दोस्रो पटक पढ्दा मलाई किशोरकालीन पठनको पूर्वस्मरणले यति गाँज्यो कि किताब बोकेर म पिएन क्याम्पस भित्रै छिरेँ र पुस्तकालयको त्यही कुनो (सम्भवत त्यही टेबल पनि) मा बसेर पढेको पढ्यैं गरेँ । दिनभरीमा पाना फड्की फड्की कति पटक पढेँ, पढेँ । र, त्यही दिन घर फर्केर मैले पहिलो पृष्ठको अनुवाद गरेँ । त्यसउप्रान्त आफ्नै सिर्जनात्मक लेखन नफुर्दाको हरेक बिहान मैले यसका केही न केही पृष्ठलाई अनुवाद गरिरहेँ । यसरी पुरै अनुवाद सक्न मलाई पुरै २ बर्ष पो लाग्यो । अनुवाद सक्नेबित्तिकै त्यसलाई पुनर्लेखन त परै जाओस् पुनर्पठन समेत नगरिकन प्रकाशक भूपेन्द्र खड्कालाई पठाएपछि अन्तत: यो किताब तपाईँको हातमा छ । लामो समय लगाएर अनुवाद गरेको हुनाले यसको अनुसिर्जनात्मक लय तलमाथि परेको हुनुपर्छ भन्ने मलाई अनुमान छ । नभएको पनि हुनसक्छ । लय उछिट्टिएकै भए यसपटक मिलाएर पढ्नुहोला, ठाउँ हेरेर पछिल्ला संस्करणमा सच्याउँदै जाउँला ।

'अफ् माइस एन्ड मेन' अमेरिकी शास्त्रीय उपन्यासको अब्बल नमुना हो । १९३० को महामन्दी पछिको समयको नैराश्यका बीचमा यदाकदा टुसाउने ' अमेरिकी सपना'को मुना र त्यसको तिब्रताको फेहरिस्त हो यो उपन्यास । त्यसो त 'सपना' अमेरिकी समाज र संस्कृतिको मात्रै पेवा होइन । जहाँ कहिँको नागरिक होस्, मान्छेको जात सपना देख्न अभिसप्त छ । सपनाको तारो (ओरियन्टेशन) फरक हुनसक्ला तर सपनाको अंकुरण, त्यसको विस्तृति अनि अचानकसँग हुने त्यसको विखण्डिकरण हरेक पुँजीवादी समाजका आम नागरिकको साझा नियति हो ।

'ऱ्यान्च' भनिने अमेरिकी कृषि फारममा काम गर्न गएका दुई पात्रहरु लेनी स्मल र जर्ज मिल्टनको अविचलित मित्रता, तिनको साझा सपना, तिनका सपनामा जोडिन आएका अरु कामदार र सपना प्राप्तिको संघर्षमा असंलग्न तर अप्ठेरो बनेर उभिएका अनेकन चरित्रहरूको मिहिन चित्रणले यो उपन्यासलाई चलायमान बनाएका छन् । लेनी शरीरले बयष्क छ तर बुद्धिले बालक । उसलाई आफ्नै हत्केलामा लुकेको तागत र त्यसले अरुलाई पार्नसक्ने क्षतिको रत्तिभर आभाष हुँदैन । पूर्ण मानसिक विकास नभएको त्यो अजंगको लाठेप्रतिको सानो कदकाठीँको तर चतुर बुद्धीको जर्ज मिल्टनले देखाउने निशर्त प्रेम र अभिभावकत्वले हाम्रो हृदयलाई छताछुल्ल छामेर जान्छ । अन्तिम अध्यायको फेरमा मित्रतालाई दिइने बलिदानको कठोर संगठना यो उपन्यासको सर्वाधिक कठिन प्रसंग हो जसले हाम्रो आँखालाई सधैँको लागि भिजाइरहन्छ ।

लम्बेतान विवरण र व्याख्याले होइन घटना र संवादकै माध्यमबाट पात्रहरुको बुनोट र चरित्रको मिहिन पोट्रेट बनाउन सक्ने स्टेनबेक आख्यान लेखनमा बस्तुवादी कथावाचन शैली भित्र्याउने साहित्यीक अन्वेशक हुन् । 'अफ् माइस एन्ड मेन'को यही शैलीको कथावाचनका खातिर पनि उनलाई धेरैले तारिफ गर्छन् । भनिन्छ यो उपन्यासको प्रकाशनकै कारणले सिनेमा लेखनले नयाँ गोरेटो पाएको थियो । 'वस्तुपरक कथावाचन' भनिने यो शैलीमा भौतिक विवरण, घटना र संवादबाट चरित्रको निर्माण गरिन्छ न कि पात्रको व्याख्याबाट । कथा वाचनको यही प्रयोगका कारण यस उपन्यासका हरेक पात्र हाम्रो मस्तिष्कमा गहिरो छापसहित स्थापित हुन्छन् । उपन्यासमा त्यस्ता कुनै पात्र छैनन् जसलाई पढेपछि पाठकले बिर्सियोस् ।

हरेक पात्रको सम्झना लामो समयसम्म रहिरहन्छ । मुल चरित्र लेनी र जर्ज मात्रै होइनन् साधारण भूमिकामा आउने पात्रहरु समेतको हेक्का हामीलाई भैरहन्छ । एउटा हात ठुन्किएको बुढो क्यान्डी, कहिले जोरी खोज्दै त कहिले हराएकी जोई खोज्दै हिँड्ने साहुपुत्र कर्ली, उपन्यासमा नामै समेत नदिइएकी स्वतन्त्र जीवनको खोजमा भौँतारिइरहने कर्लीकी चञ्चले श्रीमती, कालो जातीको भएकै कारणले कामदार गृहबाट पर्तिर एकलो बसेरा गर्ने क्रुक्स, 'ऱ्यान्च'को राजकुमार भनिने स्लिम, क्यान्डीले प्रेमपूर्वक पालेको रोगाहा कुकुरलाई गोली ठोक्ने कार्ल्सन मात्रै होइनन् एक पटक मात्रै प्रसंगका आउने कृषि फारमको साहु, लेनीकी काकी क्लारा अनि बजारकी वेश्या समेतको चरित्र हरेक पाठकको आँखामा सचित्र नाच्छ । मानवीय वयवान्की र प्रवृत्ति दुवैलाई एकसाथ चरित्रमा घुसाउन सक्ने स्टेनबेकको बस्तुपरक कथावाचन कला साँच्चिकै लोभलाग्दो लाग्छ । विषयपरक वा भनौँ आत्मपरक कथावाचनबाट आजित भएको नेपाली आख्यान लेखनका लागि यो उपन्यास प्रेरणा हुनसक्छ । जोन स्टेनबेकले कतै भनेका छन्, यो कथा वास्तविक जीवनका पात्रहरूबाट बुनिएको हो तर बास्तविक कथामा लेनीको हातबाट भुलबस हत्या भएकी पात्र स्त्री नभएर पुरुष थियो । तीसको दशकको महामन्दीका बेला लेखक आफैँले पनि लामो समयसम्म सहरदेखि निक्कै परको 'ऱ्यान्च हाउस'मा कृषि श्रमिक भएर काम गरेका थिए । जीवनको नितान्त नीजि अनुभवलाई समेत यसरी गैरवैयक्तिक वान्कीका उतार्ने कला कसैले सिकोस् त स्टेनबेकसँग सिकोस् ! यसैका कारणले पनि ' अफ् माइस एन्ड मेन'लाई महामन्दीपछिको समाजको चित्रण, तात्कालिन जनजिब्रोको भाषाको जीवन्त प्रयोग आदिका हिसाबले सर्वाधिक सफल कृतिमध्ये एक मानिन्छ । बिशेष गरी सो समयमा विद्यमान जातीय र लैङ्गिक विभेदको असामाजिक व्यवहार र त्यसलाई नमान्ने वा बेवास्ता गर्ने उपन्यासका मुल पात्रहरुको प्रगतिशील चरित्रका कारणले पनि यो उपन्यासलाई धेरैले स्मरण गर्दछन् ।

जोन स्टेनबेकले यो उपन्यासको शीर्षक प्रख्यात स्कटिस कवि रोवर्ट बर्न्सले सन् १७८५ मा लेखेको कविता 'टु अ माउस' (मुसालाई) बाट लिएका हुन् । यो कवितामा एउटा पङ्क्ति छ : बेस्ट-लेइड स्किम्स अफ् माइस एण्ड मेन, अफ्टन गो अ:वरी ('मुसा र मान्छेले सजाउने सुठगित सपना प्राय: सखाप हुन्छन् ।) खेतमा हलो जोतिरहँदा फालीले उधिनिएको मुसोको गुँड देखेर भावुक भएका कवि रोवर्ट बर्न्सले रचेको यो कविताबाट शीर्षक सापटी लिनुभन्दा पहिले स्टेनबेकले यो कथाको लेख्दै गर्दाको शीर्षक (वर्किङ टाइटल) 'समथिङ ह्वाट ह्यापेन्ड' अर्थात 'त्यो एक परिघटना' राखेका थिए । 'त्यो एक परिघटना' एउटा शुष्क र सन्दर्भविहिन शीर्षक हुनसक्थ्यो तर रोवर्ट बर्न्सको कविताँशले यो उपन्यासको शास्त्रीय सन्दर्भ र कालातीत सान्दर्भिकतालाई सार्थक पारेको छ । 'त्यो एक परिघटना'ले एउटा भैपरी हुन आउने अवस्थालाई ईकित गर्थ्यो जसले .मान्छेका सुख र दु:ख कर्मले नभई नियतीले बाँधेको हुन्छ भन्ने सन्देश दिनसक्थ्यो । तर यो कथाका पात्रहरूको दु:खान्त नियतीले होइन सामाजिक परिपाठीले पो कोरेको छ त !

नेपालीमा अनुवाद गरिसकेपछि यसको शीर्षक के राख्ने भन्ने बिषयमा निक्कै सोचेँ, सायद यतिविघ्न त मुल शीर्षक राख्नु अघि स्वयम् स्टेनबेकले पनि सोचेनन् होला । प्रारम्भमा मैले यसको शीर्षक हुवहु अनुवाद गरेर 'मुसा र मान्छे' नै राखेको थिएँ । तर नेपालीको यो शीर्षकले न रोवर्ट बर्न्सको काव्यिक विरासतलाई यता घिसारेर नेपालमा ल्याउँथ्यो न यो आफैँ नयाँ अर्थको आकर्षक शीर्षक हुनसक्थ्यो । अनिर्णयको यही सेरोफेरोमा रोवर्ट बर्न्सकै हाराहारी भावुकताले कोरिएको हाम्रा कवि शिरोमणि लेखनाथ पौडयालको 'गौँथलीको चिरबिर' पनि स्मरणमा आएको थियो । त्यही कविताबाट थुतेर 'चिरिबिरी च्यार्र'लाई पनि केही दिनसम्म शीर्षक राखेर विचार गरिबसेको थिएँ । बर्न्सको कवितामा मुसाको गुँड भत्किएपछिको भावुकता छ, पौडयालको कवितामा चराको गुँड भत्काउन आएको घरधनीमाथि गौँथलीको प्राकृत देशना छ । त्यसो त पूर्व र पश्चिमका कथा-किस्सा उस्तै भए पनि त्यसको तारो (ओरियन्टेशन) फरक थिए र अझै पनि छन् । आफैँ हेर्नुस् न, उता पिता लायस र पुत्र एडिपसको द्वन्द्वमा पुत्रले पिताको हत्या गर्छ । यता पिता यायातीले आफ्नो पाचौँ पुत्र पुरुको पुंषत्व हडप्छ । पिता र पुत्रको अचेतन द्वन्द्व शास्वत भए पनि द्वन्द्वको सुई कताबाट कता सोझिएको हुन्छ भन्ने कुराले सांस्कृतिक मूल्य राखेको हुन्छ ।


लामै समयसम्म शीर्षकले डेरा जमाउन नसकेपछि प्रकाशक तथा मित्र भूपेन्द्र खड्कालाई त्यसको छिनोफानो गर्ने अधिकार दिएर म आफ्नै सिर्जनात्मक लेखतिर लागेँ । एक दिन मिस्टर खड्काले फोन गरेर आधि दर्जन शीर्षकहरू टिपाए । मलाई अहिलेको शीर्षक 'मुसा- मानुष' मन पर्न गयो ।

त्यसो त तपाईँले यो किताबलाई 'अफ् माइस एण्ड मेन' भनेरै पढेमा म अझ खुसी हुनेछु । म त ठान्छु, शीर्षक भनेको किताबको बोलाउने नाम हो । बोलाउने नामको अनुवाद किन गर्ने ? के कसैले कृष्ण बहादुर पण्डितलाई अंग्रेजीमा 'ब्ल्याक ब्रेभ स्कलर' भनेर बोलाउला र ? किताबको काया कम्प्युटरमा तयार गर्दै गर्दा प्रकाशकको अनुरोधमा यसभित्रका ६ वटा अध्यायलाई छुट्टाछुट्टै उपशीर्षक दिएको छु । मुल ग्रन्थमा यस्तो शीर्षक नभए पनि पठनलाई रोचक बनाउनका खातिर मात्रै यसो गरिएको अर्थमा बुझिदिन प्रबुद्ध पाठकहरूलाई अनुरोध गर्छु ।

'अफ् माइस एन्ड मेन' बाहेक 'टर्टिल्ला फ्ल्याट', 'क्यानबेरी रो', 'इस्ट अफ एडेन' लगायतका १६ उपन्यास सहित ३३ वटा विश्व प्रसिद्ध कृतिका रचनाकार जोन स्टेनबेकले सन् १९६२ मा साहित्यका लागि नोबेल पुरस्कार प्राप्त गरेका थिए । ओक्लोहमा डस्ट बोउलदेखि क्यालिफोर्नियासम्मको बसाईँसराईको कथा उनिएको उनको उपन्यास 'द ग्रेप्स अफ् ह्व्राथ'ले सन् १९३९ मा पुलित्जर पुरस्कार तथा नेशनल बुक अवार्ड प्राप्त गरेको थियो ।

एउटा नोवेल पुरस्कार विजेता देखकको सुप्रसिद्ध किताबको स्वाद नेपाली पाठकलाई त्यो पनि आफ्नै बोलीबान्कीमा चखाउन पाउँदा म निक्कै प्रफुल्ल छु । यो मेरो पहिलो अनुसिर्जना हो । तपाईँको सिर्जनात्मक आलोचना र प्रेमको पर्खाइ रहनेछ ।

सबैको जय होस् !




**अन्तिम अध्यायको फेरमा मित्रतालाई दिइने बलिदानको कठोर संगठना यो उपन्यासको सर्वाधिक कठिन प्रसंग हो जसले हाम्रो आँखालाई सधैँका लागि भिजाइरहन्छ।**


कविता

## शासकले अन्तत: औकात देखाउँछ



विनोदविकम केसी

चाहन त म  
शासक नभएको संसार चाहन्छु  
तर, हाल-तत्काल  
अलिकति सभ्य बनाउन चाहन्छु शासकलाई  
अलिकति सोमत पियाउन चाहन्छु  
अलिकति व्यहोरा सिकाउन चाहन्छु  
मसँग बोल्नका निम्ति  
आविष्कार गरोस् एउटा भाषा  
जो टुंगिँदैन सदा-सर्वदा  
आमाको जननेन्द्रियमा पुगेर  
जसले भिराउँदैन मलाई  
कुनै दु:खी देहउद्यमीसँग  
छोराको साइनो  
म उसलाई शीतल चन्द्रमा  
मुस्कानरत फूल  
क्रीडामग्न शिशु  
बुलन्द कविताको हरफ देखाउँछु  
ऊ भने  
बुट, लठ्ठी, मुक्का, लात, संगिन, बन्दुक,  
तोप देखाउँछ  
चंगेज खान बास बसेको  
क्रोमोजमको करामत देखाउँछ  
म उसलाई पृथ्वी देखाउँछु र भन्छु-  
हेर, यहाँ म पनि छु  
मसँग चाल मिलाउँदै घुमिरहेछ यो अनवरत  
म नभएको दिन  
एक चिम्टी नै सही, उदास हुन्छ यो  
तर, शासक ठान्दछ पृथ्वी सप्पै उसको हो  
'म हुँ पृथ्वीको अधिपति  
मै हुँ  
म नै हुँ' भन्छ



आफू उसलाई लुई सोह्रौँको हबिगत देखाउँछु  
ऊ भने उही लुईको आँत  
उसैको मनपेट देखाउँछ  
स्तुतिहरूको चाटु संगीत मात्रै गुञ्जिँदैन देशमा  
सवालको बिजुली पनि चम्किन्छ  
प्रतिवादको मेघगर्जन पनि हुन्छ  
भाटहरूको भिडलाई परास्त गर्न  
नझुकी बाँच्ने, नलत्री मर्ने  
एउटै कवि इच्छुक काफी हुन्छ  
म उसलाई सपनाको भूगोलभरि पोखिएको  
मुक्तिको मीठो बिहान देखाउँछु  
ऊ कालकोठरीको कटु रात  
र, झ्यालखानाको टर्रो साँझ देखाउँछ  
मसँग किन यति भयभीत छ शासक ?  
के हुँ र म ?  
को हुँ र म ?  
बस्, बत्तीवरिपरि घुमिरहेको पुतलीको हठी पुस्ता हुँ  
सत्यको उज्यालो खातिर  
डढिमर्न छु तम्तयार  
म यस्तो भव्य सहादतको  
अचाक्ली तिर्खा देखाउँछु  
ऊ भने रिङिहिँड्ने झुसिल्किराको जस्तो  
खोटो मृत्युप्रति लगाव देखाउँछ  
शासकले अन्तत: औकात देखाउँछ ।

**समाधान**
**राष्ट्रिय दैनिकमा लेख, रचना र सुझावका लागि**
article.samadhan@gmail.com

## भोलिको पञ्चाङ्ग

सूर्य दक्षिणायनं, हेमन्तर्तु:, प्रमादी नाम संवत्सर, श्रीशाके १९४२, सम्वत २०७७ साल मंसिर १४ गते रविबार नेपाल सम्बत ११४१ कछलाथ्व, तदनुसार सन् २०२० नोभेम्बर २९ तारिक शुक्लपक्ष चतुर्दशी तिथि मध्यान्ह १२ वजेर ३९ मिनेटसम्म, कृतिका नक्षत्र १५ गते विहान ६ वजेर ३७ मिनेटसम्म, परिघयोग, वणिजकरण, आनन्दादियोग धूम्र, सूर्य वृश्चिक राशिमा, चन्द्रमा विहान १० वजेर ४८ मिनेटसम्म मेष उप्रान्त वृष राशीमा ।

जिज्ञासाको लागि : ९८५६०२६३९७  
gurupatrakar@gmail.com

## आजको शुभाशुभ

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)  
समयमा काम सम्पन्न गर्दा फाइदा बढि हुनेछ । फजुल खर्चमा नियन्त्रण आउनेछ । व्यापार व्यवसायबाट आय आर्जन बढ्नेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)  
दिन खर्चालु रहला । व्यापार व्यवसायमा गिरावट आउन सक्छ । मन चञ्चल हुनेछ । काम गरेर जश पाईने छैन ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)  
आफन्तको सहयोगमा आम्दानीका स्रोत बढ्ने छन् । आकस्मिक आम्दानीको योग देखिन्छ । व्यापार व्यवसायबाट आय आर्जन बढ्नेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डू,डे,डो)  
काम गर्ने प्रेरणा मिल्नेछ । विगतमा गर्न नसकेका काम हुनेछन् । आफन्तबाट सामान्य सहयोग पाईनेछ । पराक्रम बढ्नेछ ।

**सिंह** (मा.मी,मू,मे,मो,टा,टी,ट्र,टे)  
भाग्यको भरोसा धेरै नगर्नु होला । राज्यसँग सरोकार रहेका काममा झन्झट आउन सक्छ । आफ्नो इज्जत प्रतिष्ठमा आच आउन सक्ने हुदा काम गर्दा चनाखो रहनु होला ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)  
बन्न लागेका काम विग्रिन सक्छन्,समयमा नै होशियार रहनु होला । व्यापार व्यवसायमा गिरावट आउनेछ ।

**तुला** (रा,री,रु,रे,रो,ता,ती,तु,ते)  
नयाँ कामको अवसर आउनेछ । प्रेमिकाबाट सहयोग मिल्नेछ । बैदेशिक मार्ग खुल्ने छन्,यात्राको सम्भावना देखिन्छ ।

**वृश्चिक** (नो,ना,नी,नू,ने,नो,या,यी,यू)  
काम गरेर जश पाईने छैन । काम गर्दा गोपनियता भङ्ग नगर्नु होला । उच्चमनोबलका साथ गरेका काम सफल हुने छन् ।

**धनु** (ये,यो,भा,भि,भू,धा,फा,ढ,भे)  
समयमा सोच्न नसक्दा अवसर फुत्किनेछ । भ्रमबाट मुक्त भएर काम गर्नु पर्ने देखिन्छ । व्यापार व्यवसायबाट उचित लाभ लिन सकिने छैन ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)  
परिवारिक चिन्ता बढ्नेछ । घरमा बस्न मन लाग्ने छैन । आफ्नो सोचाईको विपरित काम हुने छन् । खर्चमा वृद्धि हुन सक्छ ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सू,से,सो,दा)  
काम गर्ने उत्साहा बढ्ने छ । विरोधीसँगको लडाई जितिने छ । व्यापार व्यवसायमा सुधार आउने छ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)  
सरस्वतीले भन्दा लक्ष्मीले बढि पिरोल्ने छिन । लेनदेन कारोवारमा ध्यान दिनु होला । पुरानो संरचना नभत्काई काम गर्नु होला ।

## ४२ युनिट रगत संकलन



लेखनाथ, १२ मंसिर (समाधान) - आदर्श युवा क्लबको आयोजनामा शुक्रबार पोखरा २९ भण्डारढिक रंगशालामा आयोजित रक्तदानमा ४२ युनिट रगत संकलन भएको छ। क्लबको २३ औं वार्षिकोत्सवको अवसरमा आयोजित २१ औं रक्तदान कार्यक्रममा ४२ युनिट रगत संकलन भएको हो ।


रक्त सञ्चार केन्द्र पोखराको प्राविधिक सहयोगमा भएको कार्यक्रममा पोखरा महानगरपालिका वडा नं २९ का वडा अध्यक्ष तथा क्लबका संस्थापक अध्यक्ष चेतबहादुर गुरुङले पहिलो रक्तदाता खड्की गुरुङलाई ब्लड ब्याग हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गरेका थिए । कार्यक्रमका बिच वडा नं २९ का सहरी स्वाथ्य केन्द्रका प्रमुख विशाल पौडेललाई वडाको स्वास्थ्य क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरिएको थियो । कार्यक्रममा भण्डारढिक टोल विकास संस्थाका अध्यक्ष अरुण गुरुङ, नवज्योति टोल विकास संस्थाका अध्यक्ष जित गुरुङ, जनप्रकाश टोल विकास संस्थाका अध्यक्ष सुवेदार चन्द्रबहादुर गुरुङ, क्लबका संस्थापक सदस्य समाजसेवी श्रीप्रसाद गुरुङ, नवदुर्गा टोल बिकास संस्थाका अध्यक्ष चिनबहादुर गुरुङ लगायतले रक्तदानको महत्व र उपयोगिताका बारेमा जानकारी गराएका थिए । क्लवका अध्यक्ष लक्ष्मीप्रसाद भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तव्य निबर्तमान अध्यक्ष बिशाल श्रेष्ठले गरेका थिए भने सञ्चालन क्लबका सचिव पदम गुरुङले गरेका थिए ।

# बन्दीपुरका सबै वडामा स्वास्थ्य चौकी

**समाधान संवाददाता**
तनहुँ, १२ मंसिर

बन्दीपुर गाउँपालिकाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखी नीति तथा योजना तयार गरिएको जनाएको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) गण्डकी प्रदेश कार्यालयले मंसिर ९ गते आयोजना गरेको स्वास्थ्य अधिकार सम्बन्धमा सरोकारवालाबीच अन्तर्क्रियामा बोल्दै गाउँपालिकाका अध्यक्ष पूर्णसिंह थापाले स्वास्थ्य नागरिकको नैसर्गिक अधिकार भएको हुँदा गाउँपालिकाले पनि नागरिकको स्वास्थ्यको अधिकारलाई प्राथमिकतामा राखेर योजनाहरु बनाएको बताए ।

गाउँपालिकाले स्वास्थ्य सम्बन्धी तयार गरेको नीति, कार्यक्रम र कार्यान्वयनको अवस्था तथा स्वास्थ्यको क्षेत्रमा सञ्चालन भइरहेको कार्यक्रमको बारेमा सरोकारवालाहरुलाई जानकारी दिने उद्देश्यले उक्त कार्यक्रम आयोजना भएको थियो । अध्यक्ष थापाले सबै वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्रको स्थापना, स्वास्थ्य केन्द्रहरुमा आवश्यक स्वास्थ्यकर्मीको उपलब्धता, गण्डकी प्रदेशमै विशेषज्ञ सेवा सहितको सरकारी अस्पताल, नि:शुल्क औषधीहरु पर्याप्त मात्रामा वितरण तथा कोभिड-१९



### संक्रमतिको उपचारमा जिल्लामै पहिलोपटक आइसोलेसन सहितको अस्पताल

संक्रमतिको उपचारमा जिल्लामै पहिलोपटक आफ्नै आइसोलेसन सहितको अस्पताल बन्दीपुर गाउँपालिकाले स्वास्थ्यको क्षेत्रमा गरेको सकारात्मक भएको सुनाए । नागरिकहरु अझै पनि धेरै सचेत नभइसकेको भन्दै अध्यक्ष थापाले सरकारी स्वास्थ्य संस्थामा सेवा लिन आउनुपर्नेमा जोड दिए । जनताले तिरेको करबाट सरकार र स्थानीय तहले प्रत्येक वडामा सरकारी स्वास्थ्य संस्था स्थापना गरेपनि त्यस्ता संस्थामा नागरिकको उपस्थिति निकै कम हुने गरेको उनको भनाइ थियो । बन्दीपुर अस्पतालको स्तरवृद्धि गरी ५० शय्याको बनाउने र मेडिकल शिक्षा समेत दिने गरी पूर्वाधारको निर्माण भइरहेको अध्यक्ष थापाले जानकारी दिए । गाउँपालिकाकी उपाध्यक्ष करुणा गुरुङले स्वास्थ्यलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रमहरु बनाइएको बताइन् । सबैको सहकार्य र समन्वयले कोभिडसँग जुधिरहेको भन्दै अब गाउँपालिका कोभिडको डेन्जर जोनमा नरहेको उपाध्यक्ष गुरुङले जानकारी दिइन् । स्वास्थ्य संस्थामा भएको कमजोरीप्रति गाउँपालिका सचेत भएको भन्दै जिम्मेवार नागरिकले कमीकमजोरीहरु सार्वजानिक स्थानमा भन्नु भन्दा पनि जिम्मेवार प्राप्त व्यक्तिलाई जानकारी गराएमा चाँडै समाधान हुने उनको भनाइ थियो ।

प्रमुख प्रशासकीय अधिकृत महेश सुवेदीले सम्पूर्ण वडाहरुमा स्वास्थ्य चौकीको स्थापना गरिएको भन्दै अब तिनै वडाहरुबाट जनतालाई घर दैलोमै सेवा दिने बताए । निशुल्क वितरण गर्ने औषधी खरिद प्रक्रियामा रहेको उनले जानकारी दिए । बन्दीपुर अस्पताललाई कोभिड अस्पताल बनाई संक्रमितहरुको त्यही उपचार गरिँदै आएको प्रमुख प्रशासकीय अधिकृत सुवेदीले बताए ।

कार्यक्रममा गाउँपालिकाका स्वास्थ्य शाखाका प्रमुख अन्जिर भट्टराईले गाउँपालिकाले स्वास्थ्यको क्षेत्रमा गरिरहेको कार्यक्रमबारे जानकारी गराउनु भएको थियो । उनका अनुसार ५ सय ६६ जनाको पिसिआर परीक्षण गरिएकोमा ७० जना संक्रमित भएको र त्यसमध्ये ६० जना निको भई हाल १० जना होम आइसोलेसनमा छन् । संक्रमितमध्ये १० जना स्वास्थ्यकर्मी रहेको भट्टराईले जानकारी दिए ।

मानवअधिकार समूहकी संयोजक दिलकुमारी रानाको अध्यक्षतामा भएको सो कार्यक्रममा समूहका सदस्य शान्ति कुँवर र काशीनाथ भट्टराईले पनि स्वास्थ्यलाई प्राथमिकतामा राखेर कार्यक्रम गर्नुपर्ने बताए । कार्यक्रम सञ्चालन इन्सेक प्रतिनिधि प्रकाशचन्द्र भट्टराईले गरेका थिए ।

# वक्तृत्वकलामा रत्नज्योतिकी अधिकारी प्रथम

**समाधान संवाददाता**
पोखरा, १२ मंसिर



नेसनल प्याब्सन कास्कीले आयोजना गरेको अन्तरविद्यालय स्तरीय नेपाली वक्तृत्वकला प्रतियोगितामा रत्नज्योति सेकेन्डरी स्कुलकी छात्रा अमृता अधिकारी प्रथम भएकी छन् ।

प्रतियोगितामा राइजिङ स्टार एकेडेमीकी छात्रा खुसी विक द्वितीय, पोखरा क्याम्ब्रिज इङ्लिस स्कुलकी छात्रा सन्जना मगर तृतीय र अक्सफोर्ड स्कुलकी छात्रा रोशनी शर्मा सान्त्वना भएको कार्यक्रम संयोजक राजु कायस्थले जानकारी दिए ।

शैक्षिक क्षेत्रमा कोभिड १९ को प्रभाव विषयमा राखिएको वक्तृत्वकला प्रतियोगिताको निर्णायकमा प्राडा लक्ष्मीशरण अधिकारी, डा. कपिल अधिकारी र दिनेश अर्याल रहेका थिए । प्रतियोगितामा नेशनल प्याब्सन कास्कीमा आवद्ध विद्यालयका विद्यार्थीको सहभागिता थियो । प्रतियोगितामा विजयी विद्यार्थीलाई मायाको चिनो र ट्रफी प्रदान गरिएको थियो ।

कोभिड १९ का कारण लामो समय सम्म विद्यालय बन्द भएको अवस्थामा विद्यार्थीलाई प्रत्यक्ष सहभागिता गराई विद्यार्थीको मनवोल उकास्ने हेतुले प्रत्यक्ष प्रतियोगिताको आयोजना गरिएको सह क्रियाकलाप प्रमुख राजु केसीले जानकारी दिए ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि नेशनल प्याव्सनका केन्द्रीय वरिष्ठ उपाध्यक्ष ज्ञानेन्द्रमोहन भट्टराईले विद्यार्थीलाई प्रत्यक्ष सहभागिता गराएर कोभिड १९ को वारेमा जानकारी दिने गरी गरेको यो प्रतियोगिता नेपालकै उदाहरणीय भएको बताए । नेसनल प्याब्सन गण्डकी प्रदेशका अध्यक्ष याम खड्काले भाषाको विकास गर्न वक्तृत्वकला कोसेढुंगा सावित हुने बताए ।

निर्णायक डा कपिल अधिकारीले विद्यार्थीको क्षमता अभिवृद्धिमा एन प्याव्सन कास्की अग्रणी भूमिकामा रहेको बताए । निर्णाणक डा.कपिल अधिकारीले समयसान्दर्भिक विषयको उठान गरेर विद्यार्थीलाई यस विषयमा सचेत गराउने काम गरेकोमा धन्यवाद व्यक्त गरे ।

निर्णायक दिनेश अर्यालले यो कोभिड १९ का कारण घरभित्रै रहेका विद्यार्थीलाई प्रत्यक्ष सहभागिता गराएर कार्यक्रम गरेको यो पहिलो भएको बताए । नेशनल प्याव्सन कास्कीका द्वितीय उपाध्यक्ष केशवशरण पौडेलले प्रत्यक्ष रुपमा सञ्चालन भएको प्रतियोगिताले सुसुप्त रहेको शैक्षिक जगतमा ऊर्जा थप्ने काम गरेको बताए । नेसनल प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सदस्य शिवराज पौडेलले गरेका थिए ।


## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*(सूचना प्रकाशित मिति : २०७७/०८/१३ गते)*

सेते गुरुङको छोरी, धनबहादुर गुरुङको बुहारी, तथा मन प्रसाद गुरुङको श्रीमती गण्डकी प्रदेश, कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.१२ बस्ने वदम कुमारी गुरुङको मिति २०७७/०७/१० मा मृत्यु भएकोले निजको नाममा यस बैंकको पोखरा शाखामा रहेको बचत खाता नं.००४००८५४७३१००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको साईली छोरीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचनाप्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र आफ्नो हकलाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखाकार्यालय पोखरा वा प्रधानकार्यालय, टंगाल, काठमाडौंमा हकदावीगर्न आउनु होला । म्यादभित्र कसैको हकदावीनपरेमा वा रीत नपुगेको दरखास्तउपर कुनै कारवाहीनहुने व्यहोरा यसै सूचनामार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय पोखरा, कास्की ।
फोन नं.०६१-५४०२६६/५४०२६७



## कर्मचारी आवश्यकता

विगत लामो समयदेखि उपकार ब्राण्डका विभिन्न खाद्यान्न सामग्रीहरु बिक्री गर्दै आइरहेको यस **शिव शिखर एग्रो प्रा.लि.** पोखराको लागि निम्न कर्मचारी आवश्यक परेको हुँदा इच्छुक व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

**पद** : सेल्स गर्ल्स/महिला- ५ जना
**योग्यता** : +२ वा सो सरह
**सेवा सुविधा** : कम्पनीको नियमानुसार

*नोट: अनुभवी, दुईपाङ्ग्रे साधन र लाइसेन्स भएकोलाई विशेष प्राथमिकता ।*

सम्पर्क:
**शिव शिखर एग्रो प्रा.लि.**
पोखरा-५, प्रस्वाड, फोन नं.: ०६१-५२०४३७



*आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो॥*
*इन्द्रै बिन्ती गरुन् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो॥*

## हार्दिक समवेदना



जन्म मिति: वि.सं. २०६५/०६/१८ गते
स्वर्गारोहण मिति: वि.सं. २०७७/०८/०१ गते

**स्व. अतिथि गैहे**

**नेपाल कम्युनिष्ट पार्टी (नेकपा) स्याङ्जा जिल्ला कमिटी**का अध्यक्ष कमरेड **सूर्यप्रसाद गैहे** 'पारस' की छोरी **अतिथि गैहे**को कलिलो उमेरमा आकस्मिक, हृदयविदारक एवं अकल्पनीय निधनले अत्यन्तै मर्माहत बनाएको छ । यस दु:खद् घडीमा छोरी अतिथि गैहेप्रति **भावपूर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौं ।

साथै शोकसन्तप्त परिवारजनमा गहिरो दु:ख व्यक्त गर्दै **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

मीनप्रसाद गुरुङ
सचिव
नेपाल कम्युनिष्ट पार्टी (नेकपा) स्याङ्जा
एवं **प्रदेश सभा सदस्य, गण्डकी प्रदेश** साथै
**नेपाल कम्युनिष्ट पार्टी (नेकपा) स्याङ्जा परिवार**



## हार्दिक समवेदना



जन्म मिति: वि.सं. १९९० बैशाख ९ गते
स्वर्गारोहण मिति: वि.सं. २०७७ मसिर ७ गते

**दिवंगत शेरमान बुढाचार्य**

यस प्रा.लि.का संचालक तथा शेयरधनीहरु **श्री टंकमान बुढाचार्य, श्री समरमान बुढाचार्य, श्री तिर्थमान बुढाचार्य र श्री दीर्घमान बुढाचार्यज्यूका** पुजनीय पिता एवं संस्थाका अभिभावक **शेरमान बुढाचार्य**को असामयिक निधनले हामी अत्यन्त दुखीत र मर्माहत भएका छौं । आज ७ औं दिनको पूण्य तिथिमा दिवंगत **शेरमान बुढाचार्य**को निर्वाण प्राप्ति तथा सुखाती भुवनमा वास होस् भनी कामना गर्दछौं, साथै शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

प्रितममान बुद्धाचार्य
अध्यक्ष एवं
**दि युनाइटेड गोल्ड मार्ट प्रा.लि. परिवार**



## होटल तथा सटरहरु भाडामा

लेकसाइडको मेनरोडमा रहेको १७ रुम एटेज बाथरुम, टि.भि., Wifi, रेष्टुरेन्ट, कन्फ्रेन्स हल सहितको **होटल भाडामा** तथा लेकसाइडकै मेन रोडमा रेष्टुरेन्ट, शोरुम, फास्टफुड र स्पाको लागि अति उपयुक्त रहेका 700sq fit.र 800sq fit. का **सटरहरु भाडामा** छन् ।

सम्पर्क:
**फोन नं.: ०६१-४६१४७७, ९८५६०६५९८१, ९८४६०४१९८३**
Email: info@pokharavacations.com



## सेप्टी टंकी सफाई गर्नुपरेमा

सम्पर्क
9802815296
9802815293


## वर्गीकृत विज्ञापन डिस्प्ले


**कर्मचारी आवश्यकता**
अफिसको लागि
साधारण: ५ जना
Test, SEE: ७ जना
+2 above: ३ जना
ल.तलब: 7500/-देखि 18,000/- सम्म
सम्पर्क नं.:
9806548049, 9856032351
पोखरा-१

**Vacancy**
Well experienced, Professional, Smart & good personality staff required for a reputed restaurant.
1) Cashier com receptionist-1
2) Bakery Specialist-1 Chef
3) Waiter Captain -2
4) Chinese Cook (10 years Exp.)-1
5) Delivery Boy- 2
Salary: Attractive
9846043005, 061-528904
Email: lok_thapa5@yahoo.com

**WANTED**
COOK-1
(EXPERIENCED IN COOKING FAST FOOD TYPE ITEMS)
HELPER-2
(IDEAS OR INTEREST TO SUPPORT COOK FOR COOKING)
DELIVERY BOY - 2
*(MOST HAVE LICENSE AND INTEREST TO DELIVER DOOR TO DOOR)*
VIDHYAS DIET DABBA
NAYABAZAR, POKHARA
(OPP. TO GMC HOSPITAL)
061-550194, 9856050193

**गाडी बिक्रीमा**
1055 Eicher Pro-2017 मोडलको ट्रिपर बिक्रीमा ।
सम्पर्क:
९८६४३-८८६३६

**गाडी बिक्रीमा**
राम्रो कण्डिशनको चालु अवस्थामा रहेको २०१४ मोडलको TATA 909 HD ट्रिपर विशेष कारणबस तु-बिक्रीमा छ ।
सम्पर्क:
९८४६०३१८८०
९८१५१७७६२१

**TEACHER WANTED**

| SUB | LEVE | | NO |
|---|---|---|---|
| ENGLISH | PRIMARY SECONDARY | L | 2 |
| MATHS | PRIMARY SECONDARY | L | 2 |

Contact :
9816604001
9846197976

**आवश्यकता**
जेरी पुरी कुक- १ जना
कुक हेल्पर, किचन हेल्पर- २ जना
हाउस किपिङ- २ जना
घरमा नै बसेर काम गर्ने महिला- ४ जना
डिसवासर-३ जना
रिसेप्सनिष्ट-१ जना
9825197235, 9806744525, 9848261943, पोखरा
तलब : १०,००० देखि २०,०००
खान, बस्नको सुविधा

**च्याट्ट घडेरी फ्याट्ट किनौं**
स्थान: पोखरा-१२ चापापानी
आकार: १३ बाई ३८
सम्पर्क :
९८५६०-२९३२७

# इँटा उद्योग व्यवस्थित बनाउन जोड

**समाधान संवाददाता**
पोखरा, १२ मंसिर



गण्डकी प्रदेशमा रहेका इट्टा उद्योगहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्नुपर्नेमा अर्थ तथा विकास समितिका सभापति दीपक कोइरालाले जोड दिएका छन् । गण्डकी प्रदेश सभा अन्तरगत पर्ने अर्थ तथा विकास समितिको आयोजना तथा एकिकृत हरित विकास कार्यक्रको सहकार्यमा भएको एक अन्तर्क्रियामा बोल्दै सभापति कोइरालाले उक्त कुरा बताएका हुन् ।

सभापति कोइरालाले स्वदेशी उत्पादन लाई प्राथामिकता दिनका लागि पनि प्रदेशमा सञ्चालनमा रहेका सबै इँटा उद्योगलाई दर्ता प्रक्रियामार्फत करको दायरामा ल्याउन आवश्यक रहेको बताए । वातावरणलाई प्रभाव नपर्ने गरी इँटा उद्योग सहजरुपमा दर्ता गर्ने र अबका उद्योग प्रविधि मैत्री हुनुपर्ने उनको भनाइ थियो । राज्यले कानुनको जंगल खडा गरेर उद्योग सञ्चालन गर्छु भन्नेहरु पनि त्यही जंगलमा हराउने गराएको उनको भनाइ थियो । स्वदेशी उत्पदानले रोजगारी पनि सिर्जना गर्ने हुँदा यसतर्फ प्रदेश सरकारले ध्यान दिनुपर्ने उनले औंल्याए ।

गण्डकी प्रदेशमा ५० इँटा उद्योग दर्ता रहेको र १३५ उद्योग बिनादर्ता सचालनमा रहेको बताइन्छ । सांसद धनञ्जय दवाडीले बोर्डर पारीबाट आउने इँटाको कारण यहाँ उत्पादन भएका इट्टाले बजार नपाउने गरेको बताए । सांसद ईन्द्रलाल सापकोटाले क्रसर जस्तै इँटा उद्योग पनि मापदण्ड विपरित सञ्चालनमा रहेको भन्दै करको दायरामा ल्याउन पनि दर्ता अनिवार्य गर्नुपर्ने बताए । सांसद विनोद केसीले मापदण्ड विपतिरत सञ्चालनमा रहेका उद्योगहरुलाई एकपटक अनुगमन गरेर सचेत गराउनु पर्ने बताए । कतिपय उद्योगहरुले बालबालिका काममा लगाउने गरेको भन्दै यसमा सवैजना सचेत हुनुपर्ने उनको भनाइ थियो ।

सांसद सरीता गुरुङले इँटा उद्योगमा बढी महिला र बालबालिका रहेको र उनीहरुको शिक्षा र स्वास्थ्यमा पनि ख्याल गर्नुपर्ने जनाइन् । सांसद डोबाटे विश्वकर्माले गाउँको बीचमा इँटा भट्टा रहेको र मापदण्ड पनि पुरा नगरेको भन्दै सरकारले मापदण्ड बनाउने तर कार्यान्वयन नहुने समस्या देखिएको बताए । । उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका हरि शर्मा गैरेले सरकारले स्वदेशी उत्पादनलाई सम्बोधन नगरेको गुनासो गरे । गण्डकी प्रदेशले उद्योग सञ्चालनका लागि कुनै पनि प्रोत्साहनको कार्यक्रम ल्याउन नसकेको भन्दै दुःख व्यक्त गरे ।

ग्लोबल फेयरनेस इनिसियटिभका राष्ट्रिय निर्देशक सुरेश पण्डितले इट्टा उद्योगलाई अब विजुलीको प्रयोग गर्नुपर्ने र सरकारले करमा विशेष छुटको व्यवस्था गर्नुपर्ने बताए । कसैले पनि उद्योगमा अनुगमन नहुदा मापदण्ड कार्यन्वयन नभएको बताए । एकीकृत हरित विकास नेपालका उपाध्यक्ष रामदत्त पौडेलले नेपालमा ३ लाख मानिसले इँटा उद्योगबाट रोजगारी पाएको र केही उद्योगले बालश्रम समेतकाममा लगाउने गरेको बताए । नेपालमा २० अर्ब वार्षिक इँटाको माग रहेको उनको भनाइ थियो । कार्यक्रममा एकीकृत हरित विकास नेपालका अध्यक्ष कमलहरि जिसी, अर्थ तथा विकास समितिका सचिव सिर्जना आचार्य, ग्लोबल फेयरनेस इनिसियटिभका बरिष्ठ कार्यक्रम अधिकृत संयोक्ता भण्डारी लगायतले आ आफ्नो भनाइ राखेका थिए ।

# माथ्लो मुस्ताङमा जाडो छल्न गुइँठाको आगो

**एसके थकाली**
जोमसोम, १२ मंसिर



माथ्लो मुस्ताङका २ स्थानीय तहका बासिन्दाले हिउँदको जाडो थेग्न गुइँठालाई इन्धनको रुपमा प्रयोग गर्न थालेका छन् । लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाको सबै वडामा कुनै वनजंगल नभएको र खाना पकाउने एल्पी ग्यासको समस्या पर्ने भएकाले त्यहाँका स्थानीयले गुइँठालाई इन्धनको रुपमा प्रयोग गर्दै आइरहेका हुन् ।

मुख्यतया पशुपालन व्यवसायमा आश्रित अधिकाश उपल्लो मुस्ताङका स्थानीयले बर्सेनि हिउँदयामको मौसममा घर तथा खर्कमा पालन गरिएका पशुचौपायाको गोबर घाममा सुकाएर गुइँठा बनाउँछन् ।

लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गापाको भौगोलिक अवस्था सुख्खा पठार र नाङ्गो डाँडाकाँडा छ । दाउरारको विकल्पमा खाना पकाउन र चिसोबाट सुरक्षित रहन आगो ताप्न स्थानीयले पशुचौपायाको गुइँठालाई इन्धन बनाउन बाध्य हुनुपरेको लोमान्थाङ ३ ठिङ्गरका टसीनर्बु गुरुङले जानकारी दिए । उनले याकचौरी र घोडा खच्चडको गोबर एक हप्तासम्म घाममा सुकाएर खाना पकाउन र आगो ताप्न उपयोग गर्ने गरेको बताए ।

माथ्लो मुस्ताङमा विद्युतको पहुँच नपुगेकाले इलेक्ट्रिक हिटर र ढुवानी चर्को पर्ने भएकाले एल्पी ग्यासको उपयोग हुन सकेको छैन । लोमान्थाङ ४ किम्लिङका स्थानीय छिरिङढिन्डु गुरुङले पशु चौपायाको गोबरले मल र इन्धनको पनि काम गरेको बताए । उत्तरी छिमेकी देश चीनको स्वशासित क्षेत्र तिब्बतबाट आयात गरिएको चुल्होमा गुइँठा सल्काएर खाना, कुँडो पकाउने गरिएको उनले सुनाए ।

**माथ्लो मुस्ताङमा तापक्रम माइनस १५ डिग्रीमा झरेको छ**

चिनियाँ फलामे चुल्होमा धुवाँको निकासका लागि फलामे पाइप जडान गरी घरको छतमाथि निकास गरिन्छ । निकै उपयोगी सिद्ध मानिएको एउटै चिनियाँ चुल्होको १५ देखि २० हजार रुपैयाँसम्म मूल्य पर्ने लोमान्थाङ ५ का स्थानीय आङ्गेल गुरुङले जानकारी दिए । उनका अनुसार सुकाएर राखिएका गुइँठा चुल्होमा राखेर बालेपछि निर्वाध रुपमा सल्किन्छ । बर्सेनि एक बालीमात्र हुने माथ्लो मुस्ताङमा स्थानीयले हिउँदयाममा गुइँठा नै बालेर जाडो छल्छन् ।

माथ्लो मुस्ताङमा यतिखेर तापक्रम माइनस १५ डिग्रीमा झरेकाले अत्यधिक चिसो बढेको छ । कोभिडको जोखिमभन्दा जाडो नै सहेर बस्न उत्तम भएकाले अधिकाश उपल्लो मुस्ताङीहरु गाउँमै बसेका छन् । पशु चौपायाको गुइँठा ग्यासको तुलनामा कम खर्चिलो हुने भएकाले गुइँठाको प्रयोगकर्ता बढी भएको जनाइएको छ । गुइँठाको प्रयोगले चिसोबाट हुने रुघाखोकी तथा निमोनिया जस्ता रोग लाग्नबाट सुरक्षित राख्न सहयोग पुऱ्याएको हो । माथ्लो मुस्ताङमा अत्यधिक चिसो बढेकाले धारा, सेफ्टी टंकी र साना खोलाहरु जमेकाले दैनिक क्रियाकलापमा समस्या परेको छ । धारामा पानि नआएपछि जमेको बरफलाई तताएर खाना पकाउन र खानका लागि प्रयोग गरिएको छ ।

वारागुङ मुक्तिक्षेत्रको समरदेखि तलको ३ स्थानीय तहका स्थानीयले भने जंगलका दाउरा नै उपयोग गर्ने गर्छन् । मध्य मुस्ताङ र तल्लो मुस्ताङका लेकमा जंगल भएकाले हिउदयाममा दाउरानै प्रयोग गरिएको हो । यहाँ बर्सेनि मंसिरमा वन उपभोक्ता समितिले सीमित समयका लागि दाउरा फुकुवा गर्ने चलन छ ।

# १८ सय अपांगलाई सेवा

**समाधान संवाददाता**
पोखरा, १२ मंसिर

समुदायमा आधारित पुनर्स्थापना सेवा (सिबिआरयस), नेपालले १ हजार ८ सय २१ अपांगहरुलाई घरपरिवारमा सेवा प्रदान गरेको छ ।

संस्थाको २६ औं वार्षिक साभारण सभा तथा १२ औं अधिवेशन भएको उद्घाटन समारोहमा अध्यक्ष विजयबहादुर प्रधानले गण्डकी प्रदेशको कास्की स्याङजा र तनहुँका अपांगता भएका व्यक्ति तथा परिवारलाई प्रत्यक्ष सेवा प्रदान गरेको जानकारी दिए ।

भौतिक उपस्थिति तथा भर्चुअल विधिबाट भएको अधिवेशनबाट आगामी २ वर्षे कार्यकालको लागि विजयबहादुर प्रधानको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ । समितिको उपाध्यक्ष चेतबहादुर गुरुङ महासचिव मोहनमुरारी खनाल, सचिव नारायणप्रसाद पौडेल, कोषाध्यक्ष आशाकुमारी गौतम छन् । संस्थाको सदस्यमा पुरन कुँवर, झलक रानामगर, रिना पालिखे र दिलिप भट्टराई छन्

पोखरा महानगरपलिका वडा नम्बर ९का अध्यक्ष रामराज लामिछानेले अधिवेशनको उद्घाटन गरेका थिए । सभाले महासचिव मोहनमुरारी खनालले प्रस्तुत गरेको आर्थिक वर्ष २०७६/०७७को वार्षिक प्रगति प्रतिवेदन, कोषाध्यक्ष आशाकुमारी गौतमले पेस गरेको आर्थिक वर्ष २०७६/०७७ को १ करोड २० लाख बराबरको आर्थिक आय र व्ययको विवरण तथा आर्थिक वर्षको २०७७/०७८को करिब ७१ लाखको अनुमानित बजेट तथा कार्यक्रमलाई सुधारसहित पारित गरेको छ । सभाले अध्यक्ष विजयबहादुर प्रधानले पेस गरेको अर्थिक वर्ष २०७७/०७८ को नीति तथाकार्यक्रमलाई सर्वसम्मत रुपमा पारित गरेको छ । कार्यक्रममा अधिवक्ता भगवती पहारीको सहजीकरणमा संस्थाको सामाजिक परिक्षण समेत गरिएको कार्यक्रम व्यवस्थापक कृष्णकुमार लामिछानेले जानकारी दिए । कार्यक्रममा सन्दर्भमा संस्थाको २५ वर्षेको अवसरमा प्रकासित स्मारिका 'अनुभुती' विमोचन गरिएको थियो ।

# गण्डकी बहुप्राविधिक शिक्षालयको पढाइ सुरु

**समाधान संवाददाता**
लेखनाथ, १२ मंसिर

पोखरा महानगरपालिकाबाट सञ्चालित गण्डकी बहुप्राविधिक शिक्षालयले सञ्चालनमा ल्याएको सिभिल इन्जिनियरिङ र अटोमोबाइल इन्जिनियरिङको पढाइ सुरु गरेको छ । पोखरा महानगरपालिका २९ को भण्डारढिकमा रहेको जनप्रकाश माविमा कार्यालय स्थापना गरी प्राविधिक शिक्षाको पढाइ शुक्रबारदेखि प्रशिक्षण कक्षा सुरु गरिएको हो ।

सिपमुलक शिक्षालाई प्रथामिकता दिएर सुरु भएको कार्यक्रमको उद्घाटन पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले गरेका थिए । जिसीले स्वदेशमा नै रोजगार सिर्जना गर्ने उद्देश्यले सञ्चालनमा ल्याइएको प्राविधिक शिक्षाले युवाहरुलाई विदेशमा होइन स्वदेशमा नै केही गर्ने आँट र हौसाला थप्ने बताए ।

कार्यक्रममा योजना आयोगका उपाध्यक्ष आरसी लामिछाने, सञ्चालक समितिका सदस्य आन्दराज बतास, पोखरा महानगरपालिकाका प्रसाशकीय अधिकृत महेश बराल, पोखरा महानगरपालिका शिक्षा महाशाखाका प्रमुख हेमराज आचार्य र शिक्षालयका प्रमुख लक्ष्मण तिमिल्सेनाले जीवन उपयोगी शिक्षा लिएर अगाडि बढ्न विद्यार्थीहरुलाई अनुरोध गरेका थिए ।

पहिलो चरणमा गण्डकी बहुप्राविधिक शिक्षालयले सञ्चालनमा ल्याएको सिभिल इन्जिनियरिङमा ४८ जना र अटोमोबाइल इन्जिनियरिङमा ४८ जना विद्यार्थी भर्ना भएका छन् । शिक्षालयले दिएको जानकारी अनुसार मंसिर २१ गतेदेखि अनलाइन र पुस १६ गते देखि प्रायोगात्मक रुपमा कक्षा सञ्चालन गर्ने योजना बनाएको छ ।

# शिवमन्दिर बनाउन ३ लाख रुपैयाँ दान

**समाधान संवाददाता**
पोखरा, १२ मंसिर

नयाँबजार रामघाट धार्मिक क्षेत्र विकास समितिलाई पोखरा १४ को ढुंगाना परिवारले ३ लाख रुपैयाँभन्दा बढी रकम दान गरेको छ । समितिले बनाउन लागेको शिवमन्दिरका लागि ढुंगाना परिवारले उक्त रकम हस्तान्तरण गरेको हो ।

दिवंगत लुरे ढुंगाना, नन्दकली ढुंगाना र कृष्णप्रसाद ढुंगानाको स्मृतिमा पोखरा १४ का राधादेवी ढुंगाना र डा. इन्क्लाब ढुंगाना समेतको परिवारले ३ लाख ५ हजार ८ सय ८३ रुपैयाँ प्रदान गरेको समिति अध्यक्ष रामजीप्रसाद कोइरालाले जानकारी दिए ।

हरिवोधनी एकादशी तथा तुलसी विवाह पर्वको अवसर पारेर ५ पर्स्याङ बस्ने ८८ वर्षीय वसुन्धरा कोइरालाले पनि १ लाख १ हजार रुपैयाँ उपलब्ध गराएकी छन् । एकादशीकै अवसर पारेर रामघाटमा शिवमन्दिरको शिलान्यास गरिएको छ । मन्दिरको शिलान्यास केदारेश्वर महादेव मणि व्यवस्थापन समितिका पिठाधीश डा. लेखनाथ आचार्यले गरे ।

समिति अध्यक्ष कोइरालाका अनुसार यस पटकको एकदशी पर्व २ दिन परेको र २ दिनमा पोखरास्थित सेती नदीमा २२ थान तोरण तारिएको छ । पोखरा ५ का हरिप्रसाद खनाल, पोखरा १७ का डिल्लीराम पोखरेल र दिलबहादुर विश्वकर्माले तारेको तोरण उत्कृष्ट थिए । यसैगरी स्याङ्जाका तुलसीराम उपाध्याय, दलबहादुर कार्की र कमला कार्की, तेजबहादुर क्षेत्री र चेतकुमारी क्षेत्री, कृष्णमन्दिर पोखरा ९, पोखरा ४ कास्कीकोट काउलेका चेतबहादुर नेपाली र देबु नेपालीले पनि उत्कृष्ट तोरण तारेका छन् ।

पर्वका अवसरमा मेलास्थलमा श्रीपति कोइराला गुठीबाट पञ्जा, मास्क, सेनिटाइजर र पिउने पानी वितरण गरिएको थियो । न्यु मारवाडी भोजनालय पोखराले खाजाको सौजन्य गरेको कोषाध्यक्ष लीलामणि सिग्देलले बताए ।

संस्थाले राखेको दान पेटिकामा २ दिनमा ६१ हजार ६ सय २ रुपैयाँ संकलन भएको छ । कोषाध्यक्ष सिग्देलका अनुसार राममन्दिर सेवा समिति पोखरा ९ बाट २० हजार रुपैयाँ आर्थिक सहयोग भएको छ ।

# संघले कानुन दिँदैन...

'निजामती तथा प्रहरी ऐनलगायतका महत्वपूर्ण ऐन कानुन नबन्दा प्रदेशमा निकै समस्या देखिएको छ,' सभामुख घर्तीले भने, 'यसले संघीयता कार्यान्वयनमै चुनौती खडा भएको छ ।'

कर्णाली प्रदेशका सभामुख राजबहादुर शाहीले प्रदेश सभामा भिडियो कन्फ्रेन्सिङ सिस्टम विकास गरेर कानुन निर्माण गर्दा विज्ञ तथा सरोकारवालाहरुलाई सहभागी गराइएको बताए । प्रदेश सभाका संसदीय समितिहरुले प्रत्यायोजित विधायन र सरकारी आश्वासनको अवस्था कस्तो छ भनेर आवश्यक निर्देशन दिने काम पनि गरिरहेको सभामुख शाहीले जानकारी दिनुभयो । संसद र सांसदहरु विधायिकी काममा भन्दा विकास निर्माण र कार्यकारी भूमिकातिर बढी केन्द्रित हुन खोजेजस्तो देखिएको भन्दै सभामुख शाहीले सरकारले दिने आश्वासन र प्रतिबद्धता पूरा गराउन संसदले खबरदारी गर्नुपनेमा जोड दिए ।

सुदूरपश्चिम प्रदेशका सभामुख अर्जुनबहादुर थापाले ३ तहका सरकारहरुको साझा अधिकारका कानुनहरु संघीय सरकारले चाँडो बनाउनुपनेमा जोड दिए । प्रदेश सभाले बजेट आफै बनाउन र संघीय संसदजस्तै प्रदेश सभाको छुट्टै कर्मचारी सेवा शर्त हुनुपर्ने व्यवस्थाका लागि पहल गर्न आग्रह गरे । सुदूरपश्चिम प्रदेश सभामा भौतिक पूर्वाधारको कमी, आवश्यकता अनुसार दरबन्दी स्वीकृत नभएको र दरबन्दी अनुसार कर्मचारीको पदपूर्ति नभएको उल्लेख गर्दै प्रदेश राजधानीका भौतिक संरचनाहरु निर्माणका लागि आवश्यक व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुपने उनले बताए । प्रदेश १ उपसभामुख सरस्वती पोखरेलले कोभिड १९ को संकटकाबीच बैठक हल साँघुरो हुँदा स्क्रिनमा हेर्न मिल्ने गरी दुई वटा हलमा बैठक सञ्चालन गरिएको बताइन् ।

३ तहका सरकारबीचको समन्वयमा समस्या भएको चर्चा गर्दै उपसभामुख पोखरेलले संघीयतामै समस्या पैदा हुने खालको बुझाइ बढ्दै गएको बताइन् । संघबाट पारित भएका ऐन कार्यान्वयन हुने तर प्रदेश सभाले पारित गरेका ऐनहरु कार्यान्वयनमा समस्या देखिएको पोखरेलको भनाइ थियो । प्रधानमन्त्रीको नेतृत्वमा सबै प्रदेशका मुख्यमन्त्रीहरु रहेको अन्तर प्रदेश परिषद् रहेको चर्चा गर्दै पोखरेलले संघीय संसद पदाधिकारी तथा प्रदेश सभाका सभामुख उपसभामुखहरुको भेलाहरुलाई औपचारिक मान्यता हुनुपर्नेमा जोड दिइन् । बागमती प्रदेशका उपसभामुख राधिका तामाङ र लुम्बिनी प्रदेशका उपसभामुख कृष्णी थारुले विगतका बैठकहरुमा गरिएका निर्णय र प्रतिबद्धताहरु कति कार्यान्वयन भए समीक्षा गर्नुपर्नेमा जोड दिए । निर्णयहरु थप्दै जाने तर कार्यान्वयनतर्फ कुनै चासो नराख्ने हो भने त्यसको कुनै अर्थ नहुने दुवैको भनाइ थियो ।

कर्णाली प्रदेशका उपसभामुख पुष्पा घर्तीविष्टले जनताको आवश्यकतामा संघ र प्रदेश सभाले ऐन कानुन कति बने त्यसको लेखाजोखा गर्नुपर्ने बताइन् । जनताले बुझ्ने गरी ऐन कानुन निर्माणमा संसद पछि परेको भन्दै विष्टले देश संघीय संरचनामा गए पनि राज्यका केही निकायहरुले अझैं संघीयताको मर्म अनुसार काम गर्न नसकेको उल्लेख गरिन् ।

सुदूरपश्चिमका उपसभामुख निर्मला बडाल जोशीले विगतका बैठकमा गरिएका निर्णय र प्रतिबद्धताहरु प्रभावकारी कार्यान्वयन भए कि भएनन् भनेर समीक्षा गर्नुपर्नेमा जोड दिइन् ।

प्रदेश सभाका सभामुख र उपसभामुखहरुको मर्यादाक्रमका बारेमा पहिलो बैठकदेखि नै उठाउँदै आएका बताउँदै जोशीले अहिलेसम्म कुनै सुनुवाई नभएको गुनासो गरिन् ।

अन्तरक्रियाको उद्घाटन प्रतिनिधि सभाका सभामुख अग्निप्रसाद सापकोटा र राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिनाले संयुक्त रुपमा गरेका थिए । संघीय संसद सचिवालयले आयोजना गरेको उक्त कार्यक्रम शनिबारसम्म सञ्चालन हुनेछ । शनिबार कार्यक्रमको समीक्षा तथा निष्कर्ष निकालिने संसद सचिवालयले जनाएको छ ।

# केसी भए क्रिकेट दूत



पोखरा, १२ मंसिर (समाधान) - पोखरा विश्वविद्यालय क्रिकेट क्लबले आयोजना गर्ने लिग ४ का लागि करण केसीलाई दुत नियुक्त गरेको छ । पोखरा रंगशालामा खेलिने लिग भव्य बनाउने तयारीमा आयोजक टोलीले नेपालको नेसनल टिमका अलराउन्डर केसीलाई ब्रान्ड एम्बेसडरको रुपमा आबद्ध गरेको हो । केसीसँग औपचारिक रुपमा समझौता गरी पोखरा विश्वविधालय क्रिकेट लिग ४ को टिसर्ट क्लबका अध्यक्ष प्रकाश खनालले हस्तान्तरण गरे ।

क्लबले पुरुषतर्फ पोखरा विश्वविधालय क्रिकेट लिगका ३ वटा संस्करण सफलताका साथ सप्पन्न गरिसकेको छ । महिलातर्फ वुमेन्स पोखरा विश्वविद्यालय क्रिकेट लिग १ सम्पन्न गरिसकेको छ । लिग ४ मा पोखरा विश्वविद्यालय अन्तर्गतका हरेक कलेजका विद्यार्थीलाई समावेस गरी अक्सनको माध्यमबाट खेलाडी छनोट गरिने छ ।

# कफीको असल उत्पादन अभ्यास तालिम

**समाधान संवाददाता**
पोखरा, १२ मंसिर



कास्कीका २४ जना पल्पर अपरेटरलाई कफी टिपाइ, प्रशोधन तथा असल उत्पादन अभ्यास तालिम दिइएको छ । राष्ट्रिय चिया तथा कफी विकास बोर्ड क्षेत्रीय कार्यालय पोखराको आयोजना तथा जिल्ला कफी सहकारी संघ, कास्कीको सहकार्यमा १० र ११ गते तालिम भएको हो ।

कफी पिउनयोग्य बनाउन फिल्डमा कफी उत्पादनदेखि प्रशोधन हुँदै बजारीकरणसम्म असल र स्वस्थकर अभ्यास अपनाउनुपर्ने हुन्छ भन्ने तालिममा सिकाइएको थियो । कफीका मूल्य शृंखलामा असल उत्पादन सम्बन्धी प्रविधिको प्रयोग हुनपर्नेमा तालिममा जोड दिइयो । कफीमा ओक्राटक्सिन लगायत क्यान्सरजन्य र हानिकारक ढुसी लाग्ने हुँदा त्यसको नियन्त्रणका उपायबारे तालिममा बताइयो ।

कार्यक्रममा राष्ट्रिय चिया तथा कफी विकास बोर्ड क्षेत्रीय कार्यालय, पोखराका प्रमुख चन्द्र पुरीले कफीको गुणस्तर किसानको हातबाट सुरु हुने बताए । 'कफीको १०० प्रतिशत गुणस्तरमध्य किसानको हातमा ४० प्रतिशत हुन्छ र थप ४० प्रतिशत पल्पर अपरेटरको हातमा हुन्छ,' उनले भने, 'त्यसैले जिल्लाका अगुवा पल्पर अपरेटरलाई यो तालिम फलदायी हुने विश्वास छ ।'

कार्यक्रममा बोल्दै अतिथिहरुले कफी खेतीमा पछिल्लो समयमा विविध चुनौतीहरु थपिँदै गएको सुनाए । प्रदेश सभा सदस्य ईन्द्रलाल सापकोटाले अब सबैले कृषि क्षेत्रमा ध्यान दिई लगानी बढाउनुपर्ने बताए । उनले नेताले अब भाषण मात्र गरेर कसैले नपत्याउने पनि सुनाए । मंसिर १० र ११ गते सञ्चालित तालिममा कफी टिपाइ, कफी पकाइको चरण, कफी टिप्ने सही विधि र समय, कफी प्रशोधनका तरिका, चिसो र सुख्खा विधि, कफीको गुणस्तरका मापदण्ड, कफीको गुण नियन्त्रण, कफी खेतीका नयाँ खेतीका अभ्यासबारे कक्षा सञ्चालन गरिएको थियो ।

प्राविधिक तालिम बोर्डका कृषि निमित्त क्षेत्रीय निर्देशक चन्द्र पुरी, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, पोखराका प्रमुख शिवजी बराल र बोर्डका कृषि प्राविधिक नगेन्द्र सुवेदीले तालिम प्रदान गरेका थिए । सहभागीहरुलाई कार्यक्रमको अन्त्यमा कृषि विकास निर्देशनालय, गण्डकी प्रदेशका प्रमुख नीलकण्ठ पोखरेलबाट प्रमाणपत्र वितरण गरिएको थियो ।

कार्यक्रम बोर्ड, क्षेत्रीय कार्यालय, पोखराका निमित्त निर्देशक चन्द्र पुरीको अध्यक्षतामा कार्यक्रम भएको थियो । कार्यक्रममा पोखरा महानगरपालिका ५ का वडा अध्यक्ष धनबहादुर नेपाली, बागबानी अनुसन्धान केन्द्र, मालेपाटनका प्रमुख युवराज भुसाल, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, पोखराका प्रमुख शिवजी बराल साथै जिल्ला कफी सहकारी संघ कास्कीका अध्यक्ष आनन्द सुवेदी अतिथि थिए ।

**शिव शिखर बहुउद्देश्यीय सहकारी संस्था लि.**
सदस्य सेवा केन्द्र बागलुङको

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

प्रकाशित मिति : २०७७ मंसिर १० गते

यस शिव शिखर बहुउद्देश्यीय सहकारी संस्था लि.को शीघ्र संचालनमा आउन लागेको सदस्य सेवा केन्द्र बागलुङको लागि तपशिलमा उल्लेखित कर्मचारीहरु आवश्यक भएकोले ईच्छुक उमेदवारहरुले यो सूचना प्रकाशित भएको मितिले १० दिन भित्र आफ्नो हालसालै खिचेको २ प्रति पासपोर्ट साईजको फोटो र बायोडाटासहित तल उल्लेखित ठेगानामा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ । छनोटमा परेका उमेदवारहरुलाई मात्र अन्तर्वार्ताको लागि सम्पर्क गरिनेछ ।

तपशिल

| क्र.सं. | पद | न्यूनतम योग्यता | पद संख्या | अनुभव | तलब भत्ता |
|---|---|---|---|---|---|
| १ | सदस्य सेवा केन्द्र प्रमुख (विलिङ, व्यापार) | MBA/MBS | २ | कम्प्युटर सम्बन्धी Tally, Excel & BusinessSoftware ज्ञानसम्बन्धित क्षेत्रमा कम्तीमा २ वर्ष अनुभव | संस्थाको नियमानुसार |
| २ | लेखा सहायक | BBS वा सो सरह | २ | सम्बन्धित क्षेत्रमा २ वर्ष अनुभव | संस्थाको नियमानुसार |
| ३ | नगद सहायक | BBS वा सो सरह | १ | | संस्थाको नियमानुसार |
| ४ | वरिष्ठ सहायक (कर्जा, प्रशासन, बजार, व्यापार | BBS वा सो सरह | ४ | मार्केटिङ साथै सम्बन्धी क्षेत्रमा अनुभव | संस्थाको नियमानुसार |
| ५ | बजार प्रतिनिधि | +२ वा सो सरह | आवश्यकता अनुसार | | संस्थाको नियमानुसार |
| ६ | सेल्स सुपरभाइजर | +२ | २ | स्टोर सेल्स क्षेत्रमा अनुभव | संस्थाको नियमानुसार |
| ७ | Sales Girls | +२ | केही | | संस्थाको नियमानुसार |
| ८ | Office Boy | +२ | केही | | संस्थाको नियमानुसार |
| ९ | Messanger | साधारण | १ | | संस्थाको नियमानुसार |
| १० | Security Guard | साधारण | १ | सम्बन्धित क्षेत्रमा अनुभव | संस्थाको नियमानुसार |

**शिव शिखर बहुउद्देश्यीय सहकारी संस्था लि.**
मुख्य कार्यालय कौशलटार, भक्तपुर
सदस्य सेवा केन्द्र बागलुङ-४, बागलुङ । फोन नं ०६८-५२४०३३।३४
Email. : ssmultipurpose.baglung@gmail.com

**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **कार्यकारी सम्पादक** : भरत कोइराला, **सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालय**: नयाँबजार, पोखरा, फोन : ०६१-५३८९७७, ५२६६६८, Email: Ad: samadhanpkr@gmail.com, News: samadhandainik@gmail.com